# माथागढी गाँउपालिकाको व्यवसाय दर्ता गर्ने ऐन, २०८०

प्रस्तावना :

माथागढी गाँउपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण सुधार, खारेजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय हाट बजारको व्यवस्थापन गर्न, स्थानीय व्यापारको तथ्याङ्क अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्द्धन तथा सहजीकरण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम माथागढी गाँउपालिकाको गाउँसभाले यो ऐन बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "माथागढी गाँउपालिका व्यवसाय दर्ता ऐन, २०८०" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "गाँउपालिका" भन्नाले माथागढी गाँउपालिका सम्झनुपर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले माथागढी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शब्दले गाँउपालिकाको मातहतमा रहेको वडा कार्यालयलाई समेत जनाउँदछ।

३. व्यवसाय दर्ता गरी संचालन गर्नुपर्ने : गाँउपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिमको व्यवसाय संचालन गर्नु अघि यस ऐन बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ। अन्य निकायमा दर्ता भई यस गाउँपालिका भित्र सञ्चालनमा रहेका व्यावसायहरुले अनिवार्य रुपमा सूचीकृत हुनुपर्नेछ। सूचीकरण दस्तुर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने : (१) गाँउपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची - २ मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी कार्यालयमा दिनु पर्नेछ। यस्तो दरखास्त फाराममा देहायका विवरणहरु खुलेको हुनुपर्छ :-

क) व्यवसायको नाम र ठेगाना,

ख) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा,

ग) कारोबार गर्ने मुख्य वस्तु र सेवा,

घ) लगानी,

ङ) व्यवसायीको नाम र ठेगाना,

च) व्यवसायीको नागरिकताको प्रतिलिपी,

छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम।

अध्यक्ष

२. उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य आर्थिक ऐनमा उल्लेखित दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ।

३. उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची- बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउँनु पर्नेछ।

४. एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन र थप कारोबार गर्नु पर्ने भएमा रु दुईसय दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनी दर्ता गराउनु पर्नेछ।

५. <u>व्यवसायको नविकरण गर्नुपर्ने</u> : दफा ४ बमोजिम दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गरी सक्नु पर्नेछ। नविकरण शुल्क व्यवसाय दर्ता शुल्कको पचासप्रतिशत हुनेछ। म्याद सम्पन्न पश्चात् प्रत्येक महिना रु.५० को दरले विलम्व शुल्क लाग्नेछ।

६. <u>विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने</u> :

(१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पन्ध्र दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३) व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नुपरेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्ने छ।

७. <u>साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्ने</u> :

(१) एक व्यक्ति वा सो भन्दा वढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी रु. एक हजार दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ।

(३) गाँउपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको अर्को वडामा ठाउँसारीको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ। यसरी सिफारिस प्राप्त भएकोमा ठाउँसारी हुने वडा कार्यालयले व्यवसाय दर्ता कितावमा ठाउँसारी जनाई साबिकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ।

अध्यक्ष

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

(६) उपदफा (३) बमोजिम ठाँउसारी गर्न चाहने व्यवसायीले ठाँउसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु. पाँच सय दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ।

(७) यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ।

८. कार्यालयले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्ने : (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचवुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ। यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ।

९. व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने : (१) गाँउपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने भएमा तत् निकायबाट समेत अनुमति लिई व्यवसाय संचालन गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

१०. व्यवसाय दर्ता खारेज गर्न सकिने : (१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा मनासिब कारण खोली व्यवसायीले सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लागत कट्टा वापत लिईने सेवा शुल्क रु. पाँच सय समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ।

(४) प्रचलित कानून विपरित कारोबार गरेमा, पेशा व्यवसाय संचालन गरेमा वा कार्यालयले दिएको निर्देशन उलंघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असुल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

अध्यक्ष

१७. नियम बनाउन सक्ने : यस ऐनको कार्यान्वयनको सम्बन्धमा गाउँपालिकाले थप नियम वा कार्यविधि निर्माण गरी जारी गर्न सक्नेछ।

१८. खारेजी तथा बचाउ : (१) यो ऐन बन्नु भन्दा अगाडी गाउँपालिकावाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

१. व्यवसायको विवरण/वर्गिकरण/प्रकार सोही आर्थिक वर्षको आर्थिक ऐनमा उल्लेखित भए बमोजिम हुनेछ ।

अध्यक्ष

अनुसूची ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

माथागढी, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

| क्र.सं. | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायको प्रकृति | पूजी | एकलौटी/ साझेदारी | दर्ता मिति | फोटो | व्यवसायीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची ४

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

माथागढी, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

फोटो

व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता मिति :

प्रमाणपत्र नं.

माथागढी गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०८० बमोजिम व्यवसाय प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवसायीको विवरण :

| | |
|---|---|
| एकल | साझेदारी |

१. (क) व्यक्तिको नाम, थरः ..................................................................

(ख) नागरिकता नं. ........................जारी जिल्ला र मितिः ..............................

२. ठेगानाः .......................................................

३. फोनः .......................................ई-मेलः ....................................................

<u>व्यवसायको विवरण :</u>

१. व्यवसायको नाम : ..........................................................................................

२. पूँजीगत लगानी (रु मा): ......................................................................................

३. व्यवसाय रहने स्थानः मा.गा.पा. वडा नं. ................ टोल...............................

४. व्यवसाय बहालमा रहेको भए घरधनीको नाम : .....................................................

५. कारोवार गर्ने वस्तु वा सेवाको विवरणः ..........................................

<u>शर्तहरु</u>

१. प्रत्येक आ.व असोज मसान्तभित्र व्यवसाय नविकरण गरी सक्नु पर्नेछ ।

२. व्यवसाय गरी आएको स्थान बदल्नु परे गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

३. आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु पर्दा वा छाड्न परेमा बांकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।

४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरूले हेर्न चाहेको बखत तुरुन्त देखाउनुपर्दछ ।

५) संचालन गरेको व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन ।

अध्यक्ष

६) आफुले संचालन गरेको व्यवसायको फोहरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ

७) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखत यो प्रमाणपत्र रद्ध गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः

अध्यक्ष